


# बेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## टेण्डर डकुमेन्ट

**(आन्तरीक श्रोत उठाउने ठेक्का सम्बन्धि व्यवस्था गर्न)**

आ.व. २०८१/०८२

ठेक्काको नाम : **सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक)**

ठेक्का नम्बर : **०१/IR/२०८१/०८२**

प्रथम पटक सूचना प्रकासित मिति: **२०८१/०३/२६**

बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति :**२०८०/०४/२५**

बोलपत्र दर्ता गर्नु पर्ने अन्तिम मिति: **२०८०/०४/२५ , दिउसो १२:०० भित्र**


बोलपत्र दाताको नाम :

ठेगाना :

प्रतिनिधिको दस्तखत :

नाम :

मिति :



छाप :

# बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

आ.व.२०८१/०८२ का लागि सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) संकलनको ठेक्का सम्बन्धि बोलपत्रको आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०३।२६**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम यस बेदकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न कर, शुल्क, दस्तुर संकलन गर्ने कार्यका लागि आ.व.२०८१।०८२ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा देहायमा उल्लेखित शीर्षकमा आन्तरिक आय संकलनको ठेक्का बोल कबोल गर्न नियमानुसार दर्ता भएका फर्मलाई तोकिएको शर्तको अधिनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np माध्यम मार्फत पेश गर्न यो सूचना जारी गरिएको छ।

**तपसिल**

| बोलपत्र/ठेक्का नं. | सडक सेवा शुल्क संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु.(मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| ०१/IR/२०८१/०८२ | सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) | ३७,५०,०००।- | ३०००/- | कबोल अंकको ५ प्रतिशत |

**शर्तहरु**

१. बोलपत्र सम्बन्धि कागजातहरु रु.३,०००।– (पछि फिर्ता नहुने गरी) बोलपत्र दस्तुर एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको राजश्व खाता नं. 1852050028240002 मा रकम जम्मा गरेको सक्कल बैंक भौचर लिई सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत आवेदन दिन सकिनेछ।

२. खरिद गरेको बोलपत्र मिति २०८१/०४/२५ गते दिनको १२:०० बजे सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको अपरान्ह २:०० बजे खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन।


३. धरौटी (जमानत) बापत आफुले कबोल गरेका अंकको ५ प्रतिशतका दरले हुने रकम बेदकोट नगरपालिका, नगर कार्यपालिकाको एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको धरौटी खाता नं. I5CA052423252403 मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको विडबण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ।

४. बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ

५. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर सम्बन्धित दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ।

६. बोलपत्र कुनै कारण देखाई वा नदेखाई स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ।

७. बोलपत्र सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

१. परिचय :

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम आन्तरिक स्रोत उठाउने अधिकार प्रदान गरे अनुरुप बेदकोट नगरपालिका सिसैया, कञ्चनपुरबाट आर्थिक बर्ष २०८१/०८२ मा आन्तरीक श्रोत उठाउन श्रोतका शीर्षक एकिन गरी न्यूनतम कबुल अंक निश्चित गरिएको छ । यसरी एकिन भएका शिर्षक र न्यूनतम कबूल अंकमा आधारित भएर आन्तरिक श्रोत उठाउने सम्बन्धि बोलपत्र आह्वानको सूचना मिति २०८१।३।२६ मा प्रकाशित भएको छ । सो सूचना र यस बेदकोट नगरपालिकाको आन्तरिक आय (ठेक्का) बन्दोबस्ती सम्बन्धी नियमावली २०७६ अनुसार यो टेण्डर डकुमेण्ट्स तयार पारिएको छ ।

२. परिभाषा र व्याख्या

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस टेण्डर डकुमेण्टसमा ।

(क) "कार्यालय" भन्नाले बेदकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिसैया, कञ्चनपुर सम्झनु पर्दछ ।

(ख) "आन्तरिक श्रोत " भन्नाले नगर सभाले आ. व. २०८१/०८२ का लागी स्वीकृत गरेको आन्तरीक श्रोतका शीर्षकहरु सम्झनु पर्दछ र सो शब्दले न्यूनतम कवुल अंक समेत जनाउछ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ । सान्दर्भिक विषयमा सार्वजनिक खरिद ऐन –२०६३ समेत सम्झनु पर्दछ ।

(घ) "नियमावली" भन्नाले आन्तरिक आय(ठेक्का) बन्दोबस्त सम्बन्धी नियमावली २०७६ र सार्वजनिक खरिद नियमावली २०७६ लाई सम्झनु पर्दछ ।

(ङ) "ठेकेदार" भन्नाले ठेक्का दिईएका र ठेक्काको शर्त अनुसार कार्य पुरा गर्ने जिम्मा लिएका व्यक्ति वा निजका प्रतिनिधि सम्झनु पर्दछ ।


(च) "सम्झौता "भन्नाले कामहरु गर्नका लागि दुवै पक्षको दायित्व निर्धारण गरी कार्यालय र ठेकेदारका बीचमा हस्ताक्षर भएको कागजात सम्झनु पर्दछ ।

३. ठेक्का विवरण, न्यूनतम कवुल अंक र ठेक्काका शर्तहरु :

आर्थिक वर्ष २०८१/०८२ मा आन्तरीक श्रोत उठाउने शीर्षक र न्यूनतम कवोल अंक देहाय वमोजिम रहेका छन् ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | ठेक्काको नाम | २०८१।०८२ को न्यूनतम कबोल अंक भ्याट बाहेक | बोलपत्र दस्तुर |
|---|---|---|---|
| ०१/IR/२०८१/०८२ | सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक | ३७,५०,०००।– | ३,०००।- |



| | | | |
|---|---|---|---|
| | बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) | | |

**ठेक्का शर्तहरु**


१. ठेक्काको बोलपत्र खरिद वापत लाग्ने दस्तुर एनआईसि एसिया बैंक, दैजीमा यस कार्यालयको आन्तरिक राजश्व खाता हि.नं. १८५२०५००२८२४०००२ मा जम्मा गरेको सक्कल बैंक भौचरका साथै संस्था दर्ता प्रमाण–पत्र, कर दर्ता प्रमाण–पत्र (मु.अ.क समेत) र आ.व. २०७९/८० सम्मको कर चुक्ता पेश गरी सो फाराममा कबोल ठेक्का अंक भरी सही छाप गरी भ(द्यष्म मार्फत पेश गर्नुपर्नेछ ।

२. ठेक्काको बोलपत्र सूचना प्रकासित भएको मितिले ३० औं दिन भित्र खरीद गरी ३१ औं दिनको १२ बजेसम्म यस कार्यालयको विद्युतीय पोर्टल मार्फत पेश गर्नु पर्नेछ । सोही दिन २:०० बजे देखि बोलपत्र दार्तावाला वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । तर प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरीद गर्ने, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखी पेश भएको बोलपत्र पत्र उपर कुनै कारवाही हुने छैन ।

४. ठेक्का कबुल रकम अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईने छ । कुनै केरमेट वा थपघट भएको ठाउंमा सम्बन्धीत व्यक्तिको सही भएको हुनुपर्ने छ । यसरी बोलपत्रपत्र पेश गर्दा आफुले कबोल गरेको रकमको ५ प्रतिशत का दरले हुने धरौटी रकम बेदकोट नगरपालिकाको नाममा एनआईसि एसिया बैंक दैजी शाखामा रहेको धरौटी खाता हि.नं. I5CA052423252403 मा जम्मा गरी सोको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको ९० दिन म्याद भएको बिडबण्डको सक्कल प्रति बोलपत्रपत्र साथ राखि कार्यालयमा बुझाउनु पर्नेछ ।

५. संस्था/फर्मको आयकर र मूल्य अभिबृद्धिकरको प्रमाण पत्रको स्वप्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ । उपरोक्त पेश नभएका बोलपत्रपत्र माथि कारवाही हुने छैन ।




६. बोलपत्र स्वीकृत भएको ७ (सात ) दिन भित्र ठेक्का सम्झौता गरिसक्नु पर्नेछ । म्याद भित्र सम्झौता गर्न नआएमा राखेको धरौटी जफत गरिनेछ र ठेक्का सम्झौता गर्दा कबोल अंक को ३० (तीस) प्रतिशत र अग्रिम आयकरको रकम नगद वा यस कार्यालयको खातामा दाखिला गरेको सक्कलै भौचर बुझाउनु पर्ने छ । बाकी रकमको हकमा दोस्रो किस्ता कबोल अंकको ३० (तीस) प्रतिशत रकम कात्तिक मसान्त भित्र र तेश्रो किस्ताको वांकी रकम फागुन मसान्त भित्र वुझाउनु पर्ने छ । साथै ठेक्का सम्झौता गर्दा बाकी रहने ४० प्रतिशत रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको ठेक्का अवधिको परफरमेन्स बण्ड जमानत वाफत राख्नु पर्नेछ ।

७. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

८. ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । समयमा सम्झौता नगरी ठेक्का चलन पूर्जी नलिएको कारणबाट कुनै किसिमको छूट वा मिनाहा हुने छैन ।

९. कर, दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा उठाउनुपर्ने छ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईने छैन ।

१०. ठेक्काबाट उठाईने बस्तु तथा सेवाको कर शुल्क, दस्तुरका दररेटहरु नगर सभाबाट पारित भए बमोजिम रहनेछन् । सो दर रेटमा संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारको निर्णय तथा प्रचलित ऐन कानुनमा कुनै परिवर्तन भएमा सोही बमोजिम हुने छ ।

११. कर उठाउदा प्रयोग हुने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ । प्रमाणित नगरेको रसिबाट कर उठाउन पाईने छैन । त्यस्तो रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कार्वाही गरिनेछ ।

१२. कर उठाउने ठाउंमा दररेट स्पष्ट देखिने गरी सुचना पाटी बनाई अनिवार्य रुपले राख्नुपर्नेछ ।

१३. एक स्थानीय तहमा कर दस्तुर बुझाई सकेको प्रमाण पेश गरेमा पुनः कर दस्तुर शुल्क लिन पाईने छैन ।

१४. सम्झौतामा भएको दररेट भन्दा फरक पारी वा सम्झौतामा उल्लेख नभएका सामानमा/वस्तुमा कर लिन पाईने छैन

१५. यस कार्यालयमा तिर्नुपर्ने बाकीं वकयौता भएका व्यक्ति वा फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

१६. ठेकेदार र यस नगरपालिकाको कार्यालय बिच ठेक्का शर्त वा ठेक्का संचालन सम्बन्धी अन्य विषयमा कुनै विवाद उठेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको उजुरी लाग्ने छैन ।


१७. ठेक्का कबोल गरेको अंक एकमुष्ठ बुझाएमा औचित्यता हेरी नियमानुसार कबोल अंकको बढिमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

१८. ठेक्का सम्झौता गरी संचालन गरेपछि कुनै पनि शर्तमा कबुल रकम मिनाहा हुने छैन ।

१९. बोलपत्र दोहोरो दर्ता भएमा दुवै बोलपत्रपत्र नखोली अस्वीकृत गरिने छ ।

२०. ठेक्का सम्बन्धी अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछन् ।

४. बोलपत्र दाताको योग्यता :




यस बेदकोट नगरपालिकाको आन्तरिक आय संकलनको ठेक्का लिन चाहने बोलपत्र दाताको योग्यता निम्नानुसार हुनु पर्नेछ।

क) बोलपत्र दाता प्रचलीत कानुन बमोजिम स्थापना भएको संगठीत सस्था हुनु पर्नेछ।

ख) बेदकोट न.पा.को रेकर्डमा नगदी, जिन्सी बुझाउन बाँकी हुनु हुदैन।

ग) बोलपत्र दाता दिवालिया भएको हुनु हुदैन।

घ) बोलपत्र दाता कालोसुचिमा परेको हुनु हुदैन।

५. बोलपत्र पेश गर्ने तरिका :

बेदकोट न.पा.को आन्तरीक आय संकलनको ठेक्का लिन चाहने बोलपत्र दाताको बोलपत्र पेश गर्ने तरिका निम्नानुसार हुनेछ।

क) नगरपालिकाबाट तोकिएनुसारको शुल्क तिरि बोलपत्र खरीद गर्ने र सो को सम्पूर्ण अध्ययन गरी लिन चाहेको ठेक्काको विषयमा स्थलगत राम्ररी बुझ्ने कार्य बोलपत्र दाता स्वयंले गर्नु पर्नेछ।

ख) बोलपत्र को सूचनामा उल्लेख भए अनुसारको जमानत/धरौटीको सक्कल प्रति र आवश्यक कागजात प्रमाणहरुको प्रतिलिपि बोलपत्र साथ राखी बोलपत्र फाराम भरी अधिकार प्राप्त व्यक्तिबाट दस्तखत सहि छाप गरी ठेक्का लिन चाहेको ठेक्काको नाम उल्लेख गरी सार्वजनिक अनुगमन कार्यलयको विद्युतीय पोर्टल मार्फत तोकिएको समयमा पेश गरी सक्नु पर्नेछ।

६. बोलपत्र खोल्ने प्रक्रिया :

नियमानुसार रित पुर्वक प्राप्त बोलपत्रपत्र हरु निम्न प्रक्रिया पुगाई खोलिने छ।

क) बोलपत्र खोल्ने मिति, समय र स्थान बोलपत्र आह्वानको सूचनामा उल्लेख भए अनुसार नै खोलिने छ।

ख) बोलपत्र दाता र अन्य सरकारी कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्र दाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

७. बोलपत्रको मुल्यांकन :

बोलपत्र खोली सकेपछि रितपूर्वक प्राप्त मुल्यांकन निम्नानुसार हुनेछ।

क) रितपूर्वकको बोलपत्र प्राप्त भएको हुनुपर्ने छ।

ख) न्यूनतम अंक भन्दा बढी कबुल गर्ने बोलपत्र दाताको तुलनात्मक विवरण बनाई पेस भएका कागजात , प्रमाण, जमानत/धरौटी अध्ययन गरीन्छ।


ग) रित पुर्वक पेस भएका  बोलपत्र मध्ये न्यूनतम अंक भन्दा बढी कबोल गर्ने मध्ये सबै भन्दा बढी अंक कबूल गर्नेको ठेक्का स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाईनेछ।

८. बोलपत्रको स्वीकृति:

रितपुर्वक प्राप्त बोलपत्रहरु निम्नानुसार स्वीकृत गरीनेछ।

क) प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार बेदकोट नगरपालिकाको कार्यालय सिसैया, कञ्चनपुरमा रहनेछ।

ख) रित पुर्वक बोलपत्र प्राप्त भएपछि सबैभन्दा बढी कबुल गर्नेको बोलपत्रपत्र स्वीकृत गरीने छ।




ग) ठेक्का स्वीकृत भएको ७ (सात) दिनभित्र जमानत/धरौटी लिई सम्झौता गर्न आउन यस कार्यालयबाट सूचित गरिनेछ। यसरी सूचित गराउँदा स्थानीय पत्रपत्रिकामा सूचना गरी जानकारी गराएमा बोलपत्र दाता स्वयम सूचित भएको मानिनेछ।

९. जमानत/धरौटी:

यस कार्यालय बाट ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएपछि बोलपत्र दाताले बोलपत्र आह्वानको सूचनामा उल्लेख भए अनुसारको नियमानुसार आवश्यक पर्ने जमानत/धरौटी राखेको प्रमाण साथमा लिई ताकिएको म्याद भित्र सम्झौता गर्न बोलपत्र दाता कार्यालयमा उपस्थित हुनुपर्ने छ।

१०. सम्झौता र कार्य आदेश:

सम्झौता र कार्य आदेश निम्न अनुसार हुनेछ।

क) बोलपत्र दाताले कार्यालय बाट बोलपत्र स्वीकृत भएको सुचना प्राप्त गरेपछि बाटाको म्याद वाहेक ७ (सात) दिन भित्र जमानत/धरौटी राखेको प्रमाण साथ कार्यालयमा उपस्थित भई सम्झौता गर्न निवेदन दिनु पर्ने छ अन्यथा म्याद भित्र सम्झौता गर्न नआएमा त्यस पछिको बोलपत्र दाता को ठेक्का स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाईने छ।

ख) बोलपत्र दाताले स्वीकृत ठेक्का अंकको कूल रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तीमा १(एक) वर्ष म्याद भएको परफरमेन्स बन्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै सर्त खुलाई सम्बन्धी ठेकेदार संग कबुलियत गराई नियमानुसार सम्झौता गरिने छ।

ग) बोलपत्र दाता र कार्यालय बीच सम्झौता भएपछि ठेक्का चलन गर्न पाउने दर रेटको विवरण उल्लेख साथ ठेक्का चलनको लागि कार्य आदेश ठेकेदारलाई प्रदान गरिनेछ।

घ) ठेकेदारले पनि सम्झौतामा उल्लेखित शर्त बन्देजको पूर्ण पालना गरी गराई ठेकका चलन गर्नु गराउनु पर्नेछ।

ङ) ठेकेदार र कार्यालय बीच भएको सम्झौता अनुसार ठेक्का चलन नगरेमा सम्झौतामा उल्लेख भए अनुसार ठेक्का कार्यालयलले तोड्न पनि सक्ने छ।

११. ठेकेदारले पालना गर्नुपर्ने आचरण

क) ठेक्का पाउने ठेकेदारले कार्यालय र व्यवसायी सम्बन्धित सवै संग सभ्य ,शिष्ट र सम्मानीत व्यवहार गर्नुपर्ने छ।


ख) ठेक्का संग सम्बन्धीत पत्राचार शिष्ट र मर्यादित भाषामा हुनु पर्नेछ।

ग) कार्यालयमा तालबन्दी, कार्यालयका पदाधिकारी कर्मचारीलाई घेराउ गर्न जस्ता आचरण गर्न पाईने छैन।

१२. आकस्मीक अवरोध व्यवस्थापन :

ठेकेदारको काबु बाहिरको परीस्थितीले आकस्मिक रुपमा कामको अवरोध आएमा ठेकेदारले त्यसको सुचना तुरुन्त कार्यालयमा दिनु पर्नेछ। कार्यालय र ठेकेदार दुवैलाई मर्का नपर्ने गरी दुवै पक्ष्ँले आपसी सहमतिमा त्यस्तो अवरोध को व्यवस्थापन गर्ने छन्।

१३. विवाद समाधान :




कार्यालय र ठेकेदार विच विवाद उत्पन्न भएमा यस नगरपालिकाको कार्यपालिका बैठकको निर्णयबाट विवाद समाधान गरिनेछ ।


१४. कार्य सम्पन्न :

जुन आर्थिक वर्षको लगि ठेक्का प्राप्त भएको हो सो आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र कार्यालयले ठेकेदारलाई कार्य सन्तुष्टिको प्रमाण पत्र जारी गर्ने छ । कार्य सन्तुष्टि नभएको अवस्थामा असन्तुष्टिका बुदा खोली कार्यानुभवको प्रमाण पत्र मात्र कार्यलयले प्रदान गर्ने छ ।

१५. सडक शेवा शुल्कका दरहरु (यस नगरपालिकाबाट निर्मित/मर्मत गरिएका सम्पूर्ण सडकहरु प्रयोग गरी व्यवसायिक प्रयोजनका लागि चल्ने यातायातका साधनहरुमा देहाय बमोजिमको सडक सेवा शुल्क प्रति ट्रिप लाग्नेछ)

| | |
|---|---|
| ८ घनमिटर भन्दा माथि प्रति ट्रिप | रु.९०।– |
| ८ घनमिटर सम्म प्रति ट्रिप | रु.८०।– |
| ट्रक प्रति ट्रिप | रु.७०।– |
| ट्रेक्टर प्रति ट्रिप | रु.६०।– |
| भाडाको बस | रु.४०।– |
| भाडाको जिप | रु.३०।– |
| ब्याक्हो लोडर/रोलर प्रति ट्रिप | रु.१००।– |

नोट : सरकारको स्वामित्वमा रहेका जुनसुकै सवारीसधानमा सडक सेवा शुल्क लाग्ने छैन । विद्यालय(सार्वजनिक/संस्थागत) परियोजनाका लागि संचालित बसहरु(विद्यालयको आफ्नै वा भाडामा भएपनि) मा सडक सेवा शुल्क लिईने छैन ।




# बेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**आन्तरीक श्रोत उठाउने ठेक्का सम्बन्धी बोलपत्रपत्र फाराम**

आ.व. २०८१/०८२

| क्र.सं. | ठेक्काको नाम | कबोल ठेक्का अंक(भ्याट बाहेक) | | धरौटी रकम र भौचर नं. | |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| ०१/IR/२०८१/०८२ | सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) | | | | |

ठेक्काका शर्तहरु अध्ययन गरी शर्त पालना गर्ने मन्जुरी का साथ माथि उल्लेखित व्यहोरा बमोजिम रकम उल्लेख गरी बोलपत्र पेश गरेको छु।

बोलपत्र दाताको विवरण

व्यक्तिको नाम :

स्थायी ठेगाना :

सम्पर्क ठेगाना :

नागरिकता न.मिति र जिल्ला

फर्मको नाम :

जिल्ला र दर्ता न.

फोन/फ्याक्स न.

दस्तखत : मिति :